# मालारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
खनदह, अर्घाखाँची
प्रदेश नं. ५, नेपाल ।

पत्र संख्याः प्रशासन ०७६।०७७
चलानी नं. १५१७

मितिः २०७६।१२।२७

श्री वडा अध्यक्ष एवम् वडा सचिव ज्यूहरु
मालारानी गाउँपालिका, अर्घाखाँची ।

विषयः कोरोना भाइरस नियन्त्रण सम्बन्धी अभियानलाई थप व्यवस्थित बनाउने सम्बन्धमा ।

प्रस्तुत विषयका सन्दर्भमा नेपाल सरकार तथा प्रदेश सरकारबाट समय समयमा लेखि आएका विषयमा यस पालिकाभरमा हामी सबैले ऐक्यवद्धता जनाई एकरुपताका साथ उत्साहपूर्वक कार्यसम्पादन गरिरहेका छौँ । यसैको सहज र सरलताका लागि केन्द्रदेखि हरेक कार्यमा वडा तहलाई थप जिम्मेवारी बनाइएको छ । अतः यस पक्षलाई अझ व्यवस्थित बनाउदै जानु पर्ने आवश्यकता भएकोले देहायका बुँदा बमोजिम तोकिएको कार्य समयमै गर्ने, गराउने व्यवस्था मिलाउनु हुन विशेष अनुरोध छ ।

१. आफ्नो वडाभित्र भारत, तेस्रो मुलुक तथा नेपालको अन्य जुनसुकै स्थानबाट आएका व्यक्तिहरुलाई सामुहिक क्वारेन्टाइनमा अनिवार्य रुपमा राख्ने र निजको तोकिएको विवरण तुरुन्त पालिका कार्यालयमा जानकारी गराउने ।

२. आफ्नो क्षेत्रका दैनिक ज्यालादारी मजदुरलाई तोकिएको मापदण्ड अनुसार खाद्यान्न वितरण गरेको जानकारी सोही दिन गराई यथासमयमैतोकिएको भरपाई र प्रतिवेदन पालिका कार्यालयमा उपलब्ध गराउने ।

३. आफ्नो वडाको बजार क्षेत्र वा खाद्य सामग्री विक्री वितरण गर्ने स्थलमा सामाजिक दुरी कायम गर्ने, निर्धारित मूल्यमा विक्री गर्ने, बिक्रीका लागि निश्चित समय तोक्ने, खाद्य सामग्री(चामल,दाल,तेल,नुन,चिनी)को मौज्दात विवरण राख्ने, अनावश्यक रुपमा भिडभाड नगर्ने नगराउने व्यवस्था मिलाई सोको जानकारी गराउने ।

४. लकडाउनको समयमा पालना गर्नु पर्ने नियमहरु उल्लङ्घन गरी घर बाहिर निस्कने, अनावश्यक रुपमा हो हल्ला गर्ने व्यक्तिहरुको विवरण राखी तत्काल कारबाही गरी सो को जानकारी तुरुन्त पालिका कार्यालयमा गराउने ।

५. यस विषम परिस्थितिमा कालोबजारी गर्ने, अनियमित कार्य गर्ने र सहयोग नगर्ने जो कोहीको बारेमा तुरुन्त जानकारी गर्ने गराउने कार्य नियमित रुपमा गर्ने ।

६. हालको मौसम कृषि भित्राउने र लगाउने समय भएकोले स्वास्थ्य सम्बन्धी सजगता अपनाई कार्य गर्नमा सहजीकरण गर्ने गराउने र सामाजिक दुरी कायम गर्ने लगाउने ।

७. आफ्नो क्षेत्रमा यस पालिकाका जुनसुकै तह र पदका कर्मचारीहरु भएमा कोरोना नियन्त्रणको अभियानमा उपयुक्त समय र सावधानी अपनाएर सहभागी गराउने ।

बिष्णु घर्ती
प्रमुख प्रशासकीय अधिकृत

वेब -साईटः- www.malaranimun.gov.np ईमेलः- malaraniruralmun@gmail.com

# मालारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## खनदह, अर्घाखाँची
## प्रदेश नं. ५, नेपाल ।

पत्र संख्याः प्रशासन ०७६।०७७
चलानी नं.

८. आफ्नो वडामा सञ्चालनमा आएका क्वारेन्टाइन स्थल र त्यँहा बसेका व्यक्तिहरुको यथार्थ विवरण प्रत्येक दिन जानकारी गराउने व्यवस्था मिलाउने ।

९. होम क्वारेन्टाइनमा बसेका व्यक्तिहरुको निगरानी गर्ने गराउने व्यवस्था मिलाई उनीहरुले पालना गर्नु पर्ने नियमहरुको जानकारी गराउने ।

१०. आफ्नो वडाभित्र आउने जाने जुनसुकै नयाँ व्यक्तिहरुको सम्पर्क विवरण राख्ने र सो को जानकारी सोही दिन गराउने ।

११. स्वास्थ्य र सुरक्षा सम्बन्धमा कुनै बाधा व्यवधान र समस्या आइपरेमा आफ्नो नजिकमा रहेको स्वास्थ्य संस्था र सुरक्षा निकायसँग निरन्तर सम्पर्कमा रहने ।

१२. त्यस वडामा सञ्चालन भएका कुनै पनि योजना र कार्यक्रमहरुको भुक्तानी लिनु पर्ने भएमा यथाशीघ्र भुक्तानी लिने व्यवस्था मिलाउनुका साथै सामाजिक सुरक्षा भत्तालगायतका अन्य पेश्की रकमहरु सक्दो छिटो फछ्यौट गर्ने गराउने व्यवस्था मिलाउने ।

१३. विभिन्न बजेट कार्यक्रमहरु नगर्ने नगराउने भनी मन्त्रालयहरुबाट लेखिआएकोले देहायको शीर्षकमा रकमहरु खर्च/कार्यक्रम नगर्ने, नगराउने ।

क. कुनै पनि प्रकारका तालिम, गोष्ठी, सेमिनारजस्ता कार्यक्रमहरु
ख. कम्प्युटर लगायतका मेसिन औजार खरिद गर्ने कार्यहरु
ग. फर्निचर, फर्निसिङ्ग तथा फिक्चर्स सम्बन्धी कार्यहरु
घ. भैपरी आउने चालु र पुँजिगत खर्च
ङ. विविध कार्यक्रम खर्च

१४. विभिन्न समयमा तालुक निकायबाट फरक फरक खालका तथ्यगत विवरणहरु माग भई आइरहने हुनाले पालिका कार्यालयबाट माग गरिएका सम्पूर्ण विवरणहरु पछिसम्म फरक नपर्ने गरी यथार्थ विवरणहरु तोकिएको समयमा उपलब्ध गराउने ।

.....................
विष्णु घर्ती
प्रमुख प्रशासकीय अधिकृत

बिष्णु घर्ती
प्रमुख प्रशासकीय अधिकृत

वेब -साईटः- www.malaranimun.gov.np
ईमेलः- malaraniruralmun@gmail.com